# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०९/०९

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर ..................

### अपाङ्गता परिचयपत्र वितरण सम्बन्धी जरुरी सूचना
### (प्रकाशित मितिः २०७५/०९/०९)

नगर कार्यपालिकाबाट स्वीकृत अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ अनुसार अपाङ्गता परिचय पत्र लिन इच्छुक एवम् योग्य व्यक्तिहरुले परिचयपत्र प्राप्तीको लागी देहाय बमोजिम गर्नु तथा गराउनु हुन सबैको जानकारीको लागी अनुरोध छ ।

**१. नयाँ परिचयपत्र वितरण सम्बन्धमा,**

क. अपाङ्गता भएका व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा अपाङ्गता भएका व्यक्ति स्वयम् वा निजका अभिभाबक वा संरक्षकले कार्यविधिको अनुसुची १ बमोजिमको ढाँचामा परिचय-पत्र प्राप्तिका लागी सबै पुष्ट्याई गर्ने कागजातहरु २ प्रति समावेश गरी निबेदन दिनुपर्ने छ।

ख. दरखास्तमा आफ्नो नाम, स्थायी ठेगाना, उमेर, अपाङ्गता खुलेको लिखित प्रमाणित प्रतिलिपी, पासपोट साईजको (सम्भव भएसम्म अपाङ्गता देखिने गरी खिचिएको) फोटो, असक्तता गाम्भीर्यता अवस्था र शरीरका अङ्गहरुले गर्ने काममा आएको समस्या वा दैनिक क्रियाकलापमा हुने सिमितताहरुको विवरण संग्लग्न हुनुपर्नेछ। यस प्रयोजनको लागी जन्मदर्ता प्रमाण-पत्र वा नागरिकताको प्रमाण-पत्र वा जग्गाधनी प्रमाणपूर्जा वा शैक्षिक योग्यताको प्रमाण-पत्र वा मतदाता परिचयपत्र वा अपाङ्गताको आधारमा कुनै जागिरमा रहको भए नियूक्ती पत्र वा त्यो संस्थांले दिएको प्रमाणपत्र वा जि.प्र.का.मा दर्ताभएको अपाङ्गता सम्वन्धी कार्य गर्ने संघसस्थाले गरेको सिफारिसमध्ये कुनै एक वा यस्तै विश्वास हुनसक्ने आधार दिने अन्य प्रमाणित लिखितलाई आधार मानिने छ।

ग. रितपूगी अएको निबेदनमा वडा कार्यालयले निबेदन प्राप्त भएको मितिले बढीमा ३ दिनभित्र निवेदकले पेश गरेका कागजातहरुको एकप्रति कार्यालयमा राखि वडा कार्यालयको सिफारिस सहित एक प्रति नगरपालिकामा पठाउँनुपर्नेछ।

घ. सम्वन्धीत व्यक्तिले पेश गरेको निबेदन उपर कुनै कागजात वा प्रमाण नपुगी परिचयपत्रका लागी सिफारिस गर्न उपयूक्त नदेखिएमा सो व्यहोरा निवेदकलाई ३ दिनभित्रमा जानकारी दिनुपर्नेछ।

ङ. वडा कार्यालयले सिफारिस गर्न नसकिने भनी दिएको जानकारी निवेदकलाई चित्त नबुझेमा सुचना पाएको १५ दिनभित्रमा नगरपालिका समक्ष निबेदन दिन सकिने छ।

प्र.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०९/०९

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर ................

च. यसरी प्राप्त भएको निबेदन समेत समावेश राखि स्थानीय समन्वय समितिको बैठकमा पेश गरिनेछ। निवेदकले पेश गरेका कागजात र अन्य सम्भाव्य प्रमाणका आधारमा निजले परिचयपत्र पाउने देखियो भनि स्थानीय समन्वय समितिले सिफारिस गरेमा निजलाई परिचय पत्र वितरण गरी त्यसको जानकारी निवेदक तथा वडा कार्यालयलाई समेत दिईनेछ।

छ. परिचयपत्रका लागी सिफारिस गर्न कुनै कठिनाई परेमा वडा कार्यालयले चिकित्सक/विशषज्ञ वा अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधीसँग रायपरामर्श लिन सक्नेछ।

ज. सामान्यतया अपाङ्गता भएका व्यक्ति स्वयंले आफ्नो परिचयपत्र बुझिलिनुपर्दछ। अतिअशक्त वा पूर्ण अशक्त अपाङ्गता भएको कारण परिचयपत्र वुझिलिन आउन नसक्ने भएमा वडा कार्यालयको सिफारिसमा परिवारको सदस्य, संरक्षक वा निजको बसोबास गर्ने स्थानीय वडाका पदाधिकारीले निजलाई बुझाउने गरी बुझिलिन सक्नेछ।

झ. समन्वय समितिले परिचयपत्र दिने भनी ठहर गरेका व्यक्तिलाई नगरपालिकाको कार्यालयले अनुसुची २ बमोजिमको परिचय-पत्र (अपाङ्गता भएका व्यक्तिहरुलाई) निःशुल्क उपलब्ध गराउनेछ।

ञ. प्रत्यक्ष रुपमा देखिने वा अवलोकन गर्न सकिने शारीरिक, मानसिक वा इन्द्रिय सम्वन्धी क्षेतीको हकमा परिचय-पत्र प्रदान गर्ने अधिकारीले अवलोकन गरी तत्काल उपयूक्त परिचय-पत्र उपल्बध गराईनेछ।

ट. प्रत्यक्ष रुपमा नदेखिने वा अवलोकन गर्न नसकिने शारीरिक, मानसिक वा इन्द्रिय सम्वन्धी क्षेती भएका वा प्रष्ट रुपमा छुटयाउन समस्या भएका अपाङ्गता भएका व्यक्तिका हकमा समन्वय समितिमा पेश गरी समितिको सिफारिसका आधारमा परिचयपत्र वितरण गरिनेछ।

### २. प्रतिलिपी लिने सम्बन्धीमा,

क. परिचय-पत्र हराई, नासिई वा बिग्रिई परिचय-पत्रको प्रतिलिपि लिन पर्ने भएमा आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा यथार्थ विवरण र कारण खुलाई सिफारिसका लागी निबेदन दिनुपर्नेछ।

ख. वडा कार्यालयले सबै व्यहोरा बुझि निवेदकको माग मनासिब देखिएमा परिचय-पत्रको प्रतिलिपी उपलब्ध गराउन प्राप्त निबेदन तथा अन्य कागजातको प्रतिलिपि वडा कार्यालयमा राखी निवेदकले पेश गरेको सक्कली कागजातसहित सिफारिस गरी नगरपालिकामा पठाउनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

मितिः २०७५/०९/०९

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर ..................

ग. नगरपालिकाले सिफारिस सहित प्राप्त भएको निबेदन अपाङ्गताको प्रकृति अनुसार सोझै वा स्थानीय समन्वय समितिमा पेश गरी समितिको निर्णय अनुसार अपाङ्गता परिचय-पत्रको प्रतिलिपी निःशुल्क उपलब्ध गराउनेछ।

घ. प्रतिलिपिका लागी प्राप्त भएको निबेदनका विषयमा सो परिचयपत्र बाहेक व्यक्तिले पहिले प्राप्त गरेको परिचयपत्रमा हेरफेर गर्नुपर्ने देखिएमा स्थानीय सिफारिस समितिमा पेश गरी सो समितिबाट प्राप्त निर्देशन अनुसार गरिनेछ।

**३. यो कार्यविधि लागु हुनु अगाडी प्राप्त गरेको अपाङ्गता परिचयपत्र सम्बन्धमा,**

यो कार्यविधी लागू हुन अगाडी प्राप्त गरेको अपाङ्गता परिचयपत्र नगरपालिकामा बुझाई कार्यविधि जारी भएको मितिले १ बर्षभित्रमा यस कार्यविधी बमोजिमको परिचयपत्र लिनुपर्ने छ। यस अघि जारी भएका परिचयपत्र एक वर्षपछि स्वतः मान्य हुने छैन्।

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत